Janapriya Journal of Interdisciplinary Studies, Vol. 2, No.1 (December 2013)

# स्नातक प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यांश विश्लेषण

विष्णुप्रसाद शर्मा
उपप्राध्यापक, नेपाली शिक्षा
जनप्रिय बहुमुखी क्याम्पस

**सार**

*त्रिभुवन विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र सङ्काय तथा शिक्षाशास्त्र सङ्काय, स्नातक प्रथम वर्षका लागि अनिवार्य नेपालीको समायोजित नयाँ पाठ्यांश/पाठ्यक्रम (२०६९) पठनपाठनमा ल्याएको छ । यही पाठ्यांशलाई पाठ्यक्रम विश्लेषणका आधार (उद्देश्य, पाठ्यवस्तुको वितरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि) मा विश्लेषण गर्ने कार्य प्रस्तुत लेखमा गरिएको छ । अध्ययनबाट पाठ्यांशले विद्यार्थीको बोध अभिव्यक्ति क्षमतामा जोड दिएको, पाठ्यांश व्यावहारिक तथा सम्प्रेषणात्मक प्रकृतिको रहेको, पाठ्यांशले विद्यार्थी केन्द्रित सिकाइलाई जोड दिएको, भाषिक सिपमा आधारित भैकन पनि लेखन सिपमा बढी केन्द्रित भएको, ज्ञान, विज्ञान, दर्शन, शिक्षा लगायत विविध क्षेत्रबाट पाठ्यवस्तुको छनोट गरी विद्यार्थीहरूको भाषिक व्यावहारिक पक्षलाई सबल बनाउन खोजिएको तथा कक्षा एघारको अनिवार्य नेपाली विषयसँग स्तरण मिलाउन खोजिएको भए पनि शिक्षण प्रक्रियाका सम्बन्धमा पाठ्यांश स्पष्ट हुन नसकेको, आन्तरिक मूल्याङ्कनलाई पाठ्यांशले महत्त्व नदिएको जस्ता निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दहरू**: पाठ्यांश, उद्देश्य, पाठ्यवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन

## १. विषय प्रवेश

भाषा बोध अभिव्यक्तिको माध्यम हो । जीवनयापनको साथी हो । भाषा सामाजिक वस्तु हो, सूचना सञ्चारको सम्बाहक हो । नेपालको सन्दर्भमा नेपाली भाषा साझा सम्पर्कको भाषा हो । सरकारी कामकाजको भाषा हो । पठनपाठन तथा प्रकाशनको माध्यम भाषा हो । कथ्य तथा लेख्य माध्यमको भाषा हो । नेपाली भाषा नै हामी सबैलाई राष्ट्रिय जीवनका बहुविध पक्ष र व्यक्तितत्वसँग परिचित गराउने सन्दर्भमा सहयोगी भाषा हो । राष्ट्रिय भाव धारासँग एकीकृत गराउनका लागि सहयोगी माध्यम भाषा हो ।

सम्बन्धित पाठ्यांश/पाठ्यक्रमको परिधिमा रहेका विद्यार्थीहरू कुनै पनि पेशागत तथा व्यावसायिक कार्यक्षेत्रमा जाँदा उसले आर्जन गरेका ज्ञान, सिप र दक्षताको प्रभावकारी उपयोगबाट नै उसको

कार्य कुशलताको पुष्टि हुन्छ । यसका लागि नेपाली भाषाको बहुबिध प्रयोग क्षेत्र, भाषिक कौशलका विभिन्न रूपहरू, अभिव्यक्तिका विभिन्न तहहरू र प्रकारहरू तथा व्यावहारिक लेखनका विविध रूपहरू आदिबारे आधारभूत सिप प्राप्त गर्नु आवश्यक छ । भाषाका संरचनागत विशिष्ट रूपहरू र शैलीगत विशिष्टता आदि बारे आधारभूत सिप र कौशलको विकासविना अभिव्यक्ति क्षमताको विकास सम्भव हुँदैन (गौतम र अन्य २०६९ः भूमिका)। विश्वविद्यालय तहका भाषा पाठ्यक्रमहरूले यस्ता मर्म वा भावनाहरूलाई अवश्य आत्मसात् गर्नु पर्दछ ।

भाषिक भूमिका वा प्रयोजनका आधारमा पाठ्यक्रम सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् (पौडेल र खतिवडा, २०६७ः२३) । सामान्य किसिमको भाषिक व्यवहार पुरा गर्ने उद्देश्यले निर्माण गरिएका पाठ्यक्रम सामान्य पाठ्यक्रम र भाषिक व्यवहारको विशिष्ट प्रयोजनलाई हेरेर तयार गरिने पाठ्यक्रम विशिष्ट पाठ्यक्रम हुन्छन् । विद्यालय तथा महाविद्यालय तहका सबै जसो अनिवार्य विषयका भाषा पाठ्यक्रमहरू सामान्य पाठ्यक्रम अन्तर्गत पर्दछन् । जसमा ज्ञान, विज्ञान, शिक्षा, साहित्य, राजनीति, दर्शन आदि क्षेत्रका भाषिक पाठ्यवस्तुहरूलाई विभिन्न कथा, कविता, जीवनी, निबन्ध जस्ता विधागत संरचनामा प्रस्तुत गरिन्छ । यस्तो पाठ्यक्रममा पाठ्यवस्तुको छनोट र स्तरण विद्यार्थीको स्तर वा तह, रूचि, आवश्यकता अनुसार गरिएको हुन्छ । जसबाट विद्यार्थीमा सम्प्रे षणात्मक सामर्थ्य विकासको अपेक्षा राखिन्छ र भाषिक स्तर अभिबृद्धि गर्न र व्यावहारिक भाषिक कार्य गर्ने सिपको विकास हुने लक्ष्य रहन्छ । यसै सन्दर्भमा वर्तमान स्नातक तह प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यांशलाई पाठ्यांश/पाठ्यक्रम विश्लेषणका आधार (शीर्षक, परिचय, उद्देश्य आदि) मा रही अध्ययन विश्लेषण गर्न सकिन्छ ।

## २. अध्ययनको उद्देश्य

कारणविना कार्य नभए जस्तै उद्देश्यविनाको कार्य गरिंदैन । स्नातक तहको प्रथम वर्षमा अनिवार्य नेपाली विषयको नयाँ पाठ्यक्रम पठनपाठनमा आएको सन्दर्भमा यसका उद्देश्य, पाठ्यवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा शिक्षण सामग्रीका विषयमा सरोकारवाला सबैको चासोको विषय बन्यो । यसै सन्दर्भमा उक्त पाठ्यक्रमलाई उद्देश्य, पाठयांश शीर्षक, पाठ्यांश परिचय, शिक्षण प्रक्रिया लगायतका आधारमा विश्लेषण गरी पाठ्यक्रमका सबल र दुर्बल पक्ष केलाउनु साथै यसका विशेषताहरूको पहिचान गरी यसलाई बढी प्रभावकारी, उपयोगी र उद्देश्यमूलक बनाउन आवश्यक सुझाव दिने प्रयत्नस्वरूप प्रस्तुत अध्ययन कार्य गरिएको हो ।

## ३. अध्ययन विधि/प्रक्रिया

प्रस्तुत शीर्षकसँग सम्बन्धित अध्ययन कार्य गर्नका लागि सर्व प्रथम सामग्री छनोट कार्य गरि एको छ । यसमा स्नातक प्रथम वर्ष अनिवार्य नेपाली विषयको पाठ्यक्रम/ पाठ्यांशलाई प्राथमिक स्रोतका रूपमा र विभिन्न पत्र पत्रिका, पुस्तक तथा सन्दर्भ पुस्तकबाट द्वितीय स्रोतका रूपमा सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक,

अनुसन्धानात्मक जस्ता अध्ययन विधि, पद्धतिका सहायताबाट अध्ययन कार्यलाई पुरा गरिएको छ । प्रस्तुत अध्ययनका लागि पूर्णतः पुस्तकालीय अध्ययन पद्धति र त्यस अन्तर्गतका विभिन्न सहायक अध्ययन विधिहरूलाई अपनाएर अनुसन्धेय कार्य सम्पन्न गरिएको छ । पाठ्यांश विश्लेषण पाठ्यक्रम विश्लेषणका आधारमा गरिएको छ ।

## ४. पाठ्यांशको विश्लेषण

पाठ्यक्रम समग्र शैक्षिक योजनाको व्यवस्थित कार्यक्रम तथा मेरूदण्ड हो । समग्र वैयक्तिक, राष्ट्रिय, सामाजिक, सांस्कृतिक, भाषिक आवश्यकता परिपूर्ति गर्ने माध्यम पाठ्यक्रम हो । पाठ्यक्रमसँगै पाठ्यसूची र पाठ्यांश जोडिएर आएका हुन्छन् । जसको उपयुक्त र प्रभावकारी कार्यान्वयनबाटै शैक्षिक उद्देश्य हासिल हुन  सक्छ । स्वरूपका आधारमा पाठ्यक्रम भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रम गरी दुई प्रकारका हुन्छन् । भाषा विषयको पाठ्यक्रमले भाषिक सिप, शब्द भण्डार तथा भाषा तत्त्वको विकास गराउने उद्देश्य राख्दछ भने अन्य विषयका पाठ्यक्रमले सम्बन्धित विषयको ज्ञान सिकाउने ध्येय राख्छ (शर्मा र अर्याल;२०६९:११७) । अनिवार्य तथा ऐच्छिक विषयका नेपाली तथा अङ्ग्रेजी जस्ता भाषा विषयका पाठ्यक्रम यसै भाषा पाठ्यक्रम अन्तर्गत पर्दछन् ।

खास तह वा कक्षाका लागि निर्माण भएका भाषा पाठ्यक्रम के कस्ता छन् ? विद्यार्थीको तह, उमेर र स्तर अनुरूप छन् कि छैनन्, उद्देश्यहरू के कस्ता छन्, पाठ्यवस्तुको छनोट र वितरण के कसरी गरिएको छ, शिक्षण प्रक्रिया तथा मूल्याङ्कनका आधारहरू के कस्ता छन् लगायतका विषयमा लेखाजोखा गर्ने काम पाठ्यक्रम/पाठ्यांश विश्लेषणमा गरिन्छ । यसै सन्दर्भमा स्नातक प्रथम वर्ष अनिवार्य नेपाली विषयको वर्तमान पाठ्यक्रम/पाठ्यांशलाई निम्न लिखित स्तम्भगत ढाँचाभित्र रहेर विश्लेषण गर्न सकिन्छ ।

### ४.१ पाठ्यांश शीर्षक

पाठ्यक्रमको शीर्ष वा अग्र भागमा रही पाठ्यक्रमका विभिन्न सन्दर्भका बारेमा छोटकरीमा जानकारी दिने स्तम्भ पाठ्यांश शीर्षक अन्तर्गत राखिन्छ (लम्साल र अन्य, २०६२:४०) । यसका आधारमा पाठ्यांश शीर्षक अनिवार्य नेपाली (३०१), तह स्नातक तिन बर्से, वर्ष पहिलो, पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५, प्रतिहप्ता पाठ घण्टी ६ र जम्मा पाठ घण्टी १५० को व्यवस्था गरिएको छ । परम्परागत शैलीमा आएको अनिवार्य नेपाली विषयको पाठयांश शीर्षक अन्तर्गतका सन्दर्भहरू स्तर सुहाँउदो र सान्दर्भिक देखिन्छ ।

### ४.२ पाठ्यांश/पाठ्यक्रमको परिचय

पाठ्यक्रम विश्लेषणको ढाँचा अन्तर्गत पर्ने यस स्तम्भमा शीर्ष सूचनाभन्दा अलि विस्तृत सूचना दिइन्छ । आवश्यक ठानिएका एक दुई अनुच्छेदमा उक्त पाठ्यांश वा पाठ्यक्रमको प्रयोजन, तह, विशेषता, सीमा लगायतका सन्दर्भहरूबारे सूचना दिइन्छ (पौडेल, २०६९ :२३७) । यस आधारमा हेर्दा उक्त पाठ्यक्रम त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न सङ्कायका स्नातक तहमा अध्ययन

गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न २०६९ सालमा तयार पारिएको हो । यस पाठ्यक्रम/पाठ्यांशमा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, शब्द भण्डार, वाक्य तत्त्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठन बोध, व्यावहारिक लेखन तथा निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्य सामग्रीहरू समावेश गरिएका छन् (गौतम र अन्य, २०६९ : परिशिष्ट) । यस स्तम्भका आधारमा हेर्दा पाठ्यक्रम/पाठ्यांशले बोध अभिव्यक्ति क्षमतामा जोड दिन खोजेको, वाक्यतत्त्वभन्दा माथि गएर सङ्कथनको क्षेत्रसम्मको धारणा दिन खोजिएकोले पाठ्यक्रम/पाठ्यांश समयसापेक्ष देखिन्छ ।

## ४.३ पाठ्यांशका उद्देश्यहरू

कुनै कक्षा वा तहका सिकारूमा विकसित हुने भाषिक सिप क्षमता तथा अभिवृद्धि नै उद्देश्य हो । यसलाई अर्को शब्दमा सिकाइ उपलब्धि पनि भनिन्छ (पौडेल र अन्य ; २०६९ : ३८) । **उद्देश्य पाठ्यक्रमको केन्द्रीय घटक हो । उद्देश्यकै आधारमा सम्पूर्ण पाठ्यक्रमको गुणात्मक स्तर निरूपण हुन्छ । साथै पाठ्यक्रमका विषय वस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि जस्ता खण्डलाई समेत उद्देश्यले नै निर्देशित गरेको हुन्छ । उद्देश्य पनि सधारण र विशिष्ट गरी दुई प्रकारका हुन्छन् ।**

साधारण उद्देश्यका रूपमा वर्तमान स्नातक अनिवार्य नेपाली विषयको पाठ्यांशमा कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रूपको प्रयोग गर्न, नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरूको स्रोत, वर्ग र बनोट पहिचान गरी सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्न, तालिका, चित्राकृति, (डायग्राम), रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा रूपान्तरण गर्न तथा अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति, आलेख र आरेखमा रूपान्तरण गर्न, नेपाली वाक्यतत्वको स्वरूप पहिचान गरी वाक्य तत्त्वपरक रचना गर्न, पाठ वा पाठ्यांशको सङ्कथन संरचना पहिल्याउन, वाङ्मयका विविध क्षेत्रका पद्यांशहरू पढी तिनमा आधारित बोध प्रश्नहरूको उत्तर दिन, सम्वद्ध गद्द्यांशको बुँदा टिपोट र संक्षेपीकरण गर्न, पाठ वा पाठ्यांशका विषय वस्तुमा आधारित भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न, निर्धारित ढाँचामा आधारित भई व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न, विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेखन, निर्धारित कविता, गीत, गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन गरी जम्मा ११ वटा बुँदामा साधारण उद्देश्य र एकाइ अनुसारका विभिन्न विशिष्ट उद्देश्यहरूको निर्धारण गरिएको छ । यस पाठ्यक्रममा निर्धारित साधारण तथा विशिष्ट उद्देश्य अनुरूप उद्देश्य प्राप्तिका लागि पाठ्य विषयहरूको समावेश र सोही बमोजिमको शिक्षण विधि र मूल्याङ्कन पद्धतिको उपयोग गरिएको साथै उद्देश्यहरू स्नातक तहका विद्यार्थीको आवश्यकता अनुकूल व्यावहारिक सिपपरक तथा सम्प्रेषणात्मक खालका भएका कारण उद्देश्यको निर्धारण उपयुक्त, सन्तुलित र सान्दर्भिक नै मान्नु पर्छ । उद्देश्यहरू भाषातत्त्वको ज्ञान, शब्द भण्डारको वृद्धि तथा सिर्जनात्मक क्षमताको विकास गराउनेतर्फ केन्द्रित रहेको देखिन्छ ।

### ४.४ पाठ्यवस्तु र त्यसको वितरण

खास शिक्षणीय विषय नै पाठ्यवस्तु हो । पाठ्यवस्तुलाई विषयवस्तु पनि भनिन्छ । पाठ्यक्रम/पाठ्यांशको उद्‌देश्य अनुसार उद्‌देश्य परिपूर्तिका लागि सिक्ने सिकाउने वस्तु वा विषय विद्‌यार्थीको तह वा स्तर अनुसार छनोट गरिन्छ र सोही अनुसार रेखीय वा चक्रीय आधारमा स्तरण गरिन्छ । स्नातक तह अनिवार्य नेपाली विषयको वर्तमान पाठ्यक्रममा उद्‌देश्यअनुसार विभिन्न पाठ्यवस्तुहरूको निर्धारण गरिएको छ र तिनीहरूलाई सुसिक्यताका आधारमा स्तरण गरिएको छ । जसमा एकाइ एकदेखि एकाइ बाह्रसम्म क्रमशः अक्षरीकरण र वर्ण विन्यास, नेपाली शब्द भण्डार, वाक्यतत्त्वपरक रचना, सङ्कथन र पाठको संरचना, पठनबोध, सन्दर्भपूर्ण सूचनाको रूपान्तरण, बुँदा टिपोट र संक्षेपीकरण, अनुच्छेद रचना, व्यावहारिक लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन र साहित्यिक कृतिको अध्ययनसँग सम्बन्धित पाठ्यवस्तुहरूको छनोट गरी स्तरण गरिएको छ । कक्षा एघारमा सिकि सकेका पाठयवस्तुलाई सामान्य पुनरावृत्ति गरी नयाँ पाठ्यवस्तुलाई स्तर अनुकूल छनोट गरिएको छ । स्नातक उत्तीर्ण विद्‌यार्थीहरूमा आवश्यक पर्ने ज्ञान, सिप र धारणा बसाउन सहयोग पुग्ने गरी पाठ्यवस्तु छनोट गरिएको पाइन्छ । पुरानो अनिवार्य नेपालीको पाठ्यांशभन्दा यो पाठ्यांशमा विद्‌यार्थीका लागि आवश्यक पर्ने समसामयिक पाठ्य सामग्रीका माध्यमबाट भाषिक सिप तथा कौशलको विकास गर्न खोजिएको र सम्प्रेषणात्मक सामर्थ्यको वृद्‌धि गर्न खोजिएको पाइन्छ । पाठ्यांशका पाठ्यवस्तु वा पाठ्य विषय व्याकरण केन्द्रित, बोध क्षमताको विकासमा आधारित, लेखन सिप एवम् व्यावहारिक लेखन सिप विकास तथा साहित्यिक आस्वादन र प्रतिक्रियासँग सम्बन्धित देखिन्छन् । यसर्थ यी विभिन्न आधारमा साथै विद्‌यार्थीलाई सैद्‌धान्तिक ज्ञानभन्दा व्यावहारिक भाषिक सिप विकासमा पाठ्यवस्तुले जोड दिएकाले पाठ्यवस्तुको छनोट र वितरणका दृष्टिले प्रस्तुत पाठ्यांशलाई सफल नै मान्नु पर्दछ ।

### ४.५ शिक्षण प्रक्रिया

शिक्षण विधि, प्रविधि, शिक्षण सामग्री र शिक्षण कार्यक्रलापहरूको समग्र नाम नै शिक्षण प्रक्रिया हो । उद्‌देश्यहरू जतिसुकै प्रभावकारी र आकर्षक भए पनि अनि भाषिक पाठ्यवस्तु र त्यसको प्रस्तुति जति सुकै उपयुक्त र व्यवस्थित भए पनि शिक्षण प्रक्रियाको उपयुक्त र प्रभावकारी निर्देशन हुन सकेन भने ती कुराहरू निरर्थक र निर्जीव जस्तै हुन्छन् (पौडेल, २०६९ :२३४) । शिक्षण सिकाइ प्रक्रिया सिकाइको मनोवैज्ञानिक प्रकृति र प्रवृत्ति अनुकूल, विविध वैयक्तिक भिन्नता भएका सिकारूका निम्ति उपयोगी तथा निर्धारित समयमा कार्य सम्पन्न गरी निर्धारित उपलब्धि स्तरसम्म पुर्‍याउन मद्दत पुग्ने किसिमको हुनु पर्छ ।

स्नातक तहको अनिवार्य नेपाली विषयको प्रस्तुत पाठ्यक्रम/पाठ्यांशले अपेक्षा गरेका उद्‌देश्य प्राप्तिका लागि निर्धारित पाठ्य विषयलाई कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूह कार्य, गृहकार्य, परियोजना कार्य आदि विधिद्वारा शिक्षण गर्ने उद्‌देश्य राखिएको छ । परम्परागत

पाठ्यांशका तुलनामा यो पाठ्यांश व्यावहारिक प्रकृतिको भएकाले यसमा बढीभन्दा बढी विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ । तर पाठ्यांशको शिक्षण विधि स्तम्भले शिक्षण प्रक्रियाका विषयमा स्पष्ट नपारी सामान्य सङ्केत मात्र गरेकाले शिक्षण विधिमा प्रभावकारिता र एकरूपता आउनमा समस्या देखिन्छ । आगमन, निगमन, संज्ञानात्मक, वर्णनात्मक जस्ता शिक्षण विधि तथा अभ्यास, खेल, पुस्तकालय कार्य, भ्रमण कक्षा प्रस्तुतीकरण जस्ता शिक्षण प्रक्रियालाई समेत अवलम्बन गरी अपेक्षित उद्देश्य हासिल गराउन सकिन्छ । विद्यार्थीको सहभागिता, शिक्षकको समर्पितता र सामग्रीको पर्याप्तता जस्ता पक्षले पनि शिक्षण प्रक्रियालाई सफल बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यसर्थ शिक्षण प्रक्रियाका सवालमा प्रस्तुत पाठ्यांश कमजोर दे खिन्छ । पाठ्यवस्तुको प्रकृति अनुकूलका शिक्षण प्रक्रिया तोकेरै दिन सके शिक्षण सिकाइमा सर लता, एकरूपता र स्तरीयता ल्याउन सकिन्छ ।

### ४.६ मूल्याङ्कन प्रक्रिया

शिक्षणपश्चात् उद्देश्य प्राप्ति भए नभएको लेखाजोखा गर्ने काम मूल्याङ्कनमा गरिन्छ । मूल्याङ्कन पाठ्यक्रको प्रकृति र विद्यार्थीको स्तर वा तहअनुसार आन्तरिक र बाहय दुवै हुन सक्छ । प्रस्तुत पाठ्यक्रम/पाठ्यांशमा १०० पूर्णाङ्कको वार्षिक परीक्षा दिने व्यवस्था गरिएको छ । विशिष्टीकरण तालिका (ग्रिड) मा दिइएअनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी १०० पूर्णाङ्कका विभिन्न प्रश्नहरू लिखित रूपमा सोध्ने व्यवस्था गरिएको छ । पहिला २० पूर्णाङ्कको वस्तुगत प्रश्न सोधिने शिक्षाशास्त्र सङ्कायका लागि भने ९० अङ्कका विषयगत प्रश्नहरू र समग्र पाठ्यांशबाट १/१ अङ् कका बहुवैकल्पिक १० वटा प्रश्न गरी जम्मा १०० पूर्णाङ्कका प्रश्नहरू सोधिने व्यवस्था गरिएको छ । यस पाठ्यक्रममा लिखित परीक्षा वा लिखित सिपलाई पूर्णतः विकास गर्न खोजिएको छ । सुनाइ, बोलाइ र पढाइ सिपको परीक्षण कक्षा शिक्षणकै क्रममा गर्न खोजिएको छ । आन्तरिक मूल्याङ् कनलाई पनि महत्त्व दिएर त्यसलाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था भएमा विद् यार्थीको भाषिक सिपको स्तर थप बृद्धि हुन सक्ने देखिन्छ । सुनाइ, बोलाइ र पढाइ सिपको मूल्याङ् कनका लागि समेत व्यवस्था गर्ने हो भने विद्यार्थीका चार वटै भाषिक सिपको सन्तुलित विकास हुन सक्ने र एउटा भाषिक सिपको विकासले अर्को सिपलाई समेत सहयोग पुऱ्याउने निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.७ पाठ्य पुस्तक र सन्दर्भ पुस्तक

पाठ्यक्रमले राखेका उद्देश्य र मर्मलाई पुरा गर्न सहयोग पुऱ्याउने पाठ्य सामग्री नै पाठ्य पुस्तक र सन्दर्भ सामग्री हुन् । पाठ्य सामग्रीलाई शिक्षण सामग्री पनि भनिन्छ । शिक्षण सामग्रीमा पनि पाठ्य पुस्तकलाई आधार सामग्री र सन्दर्भ सामग्रीलाई सहायक सामग्री मानिन्छ । पाठ्यक्रमका उद्देश्यलाई पुरा गर्न प्रत्यक्ष सहयोग पुऱ्याउने सामग्री पाठ्य पुस्तक हो भने सन्दर्भ सामग्रीले पाठ् यवस्तुलाई थप स्पष्टीकरण र विस्तृतीकरणमा सहयो पुऱ्याउँछन् ; पठनप्रति रूचि जगाउँछन् ।

स्नातक अनिवार्य नेपाली विषयको वर्तमान पाठ्यांश/पाठ्यक्रममा पाठ्य पुस्तक दुई वटा प्रस्तावित गरिएको छ । जसमा नपाली साहित्यिक रचना (२०६९) र अनिवार्य नेपाली व्याकरण र बोध र रचना पर्दछन् । यस्तै सहायक सामग्रीका रूपमा टङ्क न्यौपानेको मानक नेपाली व्याकरण र कार्यमूलक लेखन, मोहनराज शर्माको शब्द रचना र वर्ण विन्यास, लालानाथ सुवेदीको नेपाली बोध र रचना कौशल तथा हेमाङ्गराज अधिकारीको प्रयोगात्मक नेपाली व्याकरण गरी चार वटा पुस्तकलाई तो किएको  छ । दुई वटा पाठ्य पुस्तक र चार वटा सन्दर्भ पुस्तकलाई मात्र आधार बनाउँदा उद्दे श्य अनुकूल सिकाइ उपलब्धि हासिल हुन सक्दैन । यसका साथै श्रव्य, दृश्य सामग्री र विभिन्न समसामयिक पत्र पत्रिका तथा सन्दर्भ सामग्रीलाई पनि आधार बनाउन लगाउने हो भने पाठ्यवस्तुको अपेक्षा सजिलै पुरा हुन सक्ने देखिन्छ । यस्ता सामग्रीहरूको यथेष्ट उपयोगमा शिक्षक विद्यार्थी दुवै पक्षको सक्रियता आवश्यक हुन्छ ।

## ५. निष्कर्ष

भाषिक सिप तथा कौशलको विकास गराउने उद्देश्यद्वारा निर्मित पाठ्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रम अन्तर्गतको सामान्य व्यावहारिक भाषिक सिप सिकाउने प्रयोजनका निम्ति तयार गरिएको वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यांश/पाठ्यक्रम परम्पर ागत नेपाली पाठ्यांश/पाठ्यक्रमको तुलनामा नयाँ, व्यावहारिक र आधुनिक देखिन्छ । समसामयिक जीवनका आवश्यकीय पाठ्य विषयलाई समेटेर त्यसका माध्यमबाट विद्यार्थीहरूमा व्यावहारिक भाषिक सिप सिकाउन खोजिएको यो पाठ्यांश विद्यार्थी केन्द्रित सिकाइमा आधारित छ । पहिलो भाषी वा दोस्रो भाषी विद्यार्थीका लागि उसले स्नातक तह पुरा गरेपछि आइ पर्ने भाषिक चुनौतीलाई पुरा गर्न सक्षम हुने गरी पाठ्यांश/पाठ्यक्रमका उद्देश्य र पाठ्यवस्तु निर्धारण तथा चयन गरिएको पाइन्छ ।

भाषाका चार सिप मध्ये लेखाइ सिपलाई अत्यधिक महत्त्व पाठ्यांशले दिएको छ । शब्द भण्डार को विकास र बोध क्षमताको विकासमा पाठ्यांश केन्द्रित छ । बोध तथा अभिव्यक्ति क्षमता दुवै लाई महत्त्व दिएकाले पाठ्यांश सम्प्रेषणात्मक प्रकृतिको देखिन्छ । व्याकरण, बोध, लेखन तथा व्यावहारिक लेखन सिप साथै साहित्यिक आस्वादन तथा प्रतिक्रियासँग पाठ्यांश बढी सम्बन्धित दे खिन्छ । उद्देश्य, पाठ्यवस्तु, पाठ्यांश परिचय, पाठ्यांश शीर्षक जस्ता स्तम्भका कोणबाट पाठ्यांश सफल छ । मूल्याङ्कन, शिक्षण प्रक्रिया र सन्दर्भ सामग्रीका दृष्टिले पाठ्यांश दुर्बल वा कमजोर देखिन्छ । विद्यार्थीको स्तर वा तह, उमेर, क्षमता, रूचि, आवश्यकता, भाषिक पृष्ठभूमि, शिक्षण संस्थाको प्रकृति, समयावधि जस्ता आन्तरिक तथा वाहय पक्षमा पाठ्यांश उपयुक्त देखिन्छ । तहगत स्तरणका दृष्टिले पाठ्यक्रम सन्तुलित र पाठ्यवस्तु छनोटका दृष्टिले पाठ्यांश समावेशी साथै स्तरीय देखिन्छ । समग्रमा केही कमजोरी बाहेक धेरै विषय वा पक्षहरूमा वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यांश उपयुक्त सान्दर्भिक, व्यावहारिक र पाठ्यांशको ढाँचा अनुरूप देखिन्छ ।

**सन्दर्भ सूची**


गौतम, देवीप्रसाद र अन्य (२०६९), *स्नातक नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०६२) *नेपाली भाषा शिक्षण,* काठमाडौँ : मनकामना बुक्स एन् स्टेसनरी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), *नेपाली भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के.पब्लिसर्स एन् डिस्ट्रिव्युटर्स ।

पौडेल, टीकाप्रसाद र अन्य (२०६७), *नेपाली भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : जुपिटर प्रकाशक तथा जुपिटर प्रा.लि. ।

पौडेल, नेत्रप्रसाद (२०६६) *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकासन ।

पौडेल नेत्रप्रसाद र तीर्थराज खतिवडा (२०६७), *नेपाली भाषा पाठ्यक्रम पाठ्य पुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* काठमाडौँ : विद् यार्थी पुस्तक भण्डार ।

………… (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन् डिस्ट्रिव्युटर्स प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६४) *साधारण नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,* काठमाडौँ : भुँडी पुराण प्रकासन ।

शर्मा, विष्णुप्रसाद र जमुना अर्याल, (२०६९) *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शर्मा, विष्णुप्रसाद (२०६९), *भाषा शिक्षणका केही सन्दर्भ,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।